# २८

# खप्तडका सम्पदाको मोल के ?

**देवेन्द्र राणा**

खप्तडका गाउँलेहरूले सन् १९८० मा आफ्नो ठाउँमा पहिलो पटक नापीका कर्मचारीहरू देखे। बाहिरका केही मानिस आए र त्यस इलाकाको नक्शा कोर्न थाले। गाउँलेहरूको जिज्ञासाको जवाफमा ती बाहिरियाहरूले "चिन्ता नगर्नोस्" भनेर आश्वासन दिए। तर त्यो फोस्रो आश्वासन ठहरियो। ती सर्वेक्षकहरू खप्तड राष्ट्रिय निकुञ्जको सीमा निर्धारण गर्न आएका थिए। नभन्दै सन् १९८४ मा खप्तड राष्ट्रिय निकुञ्ज घोषित भयो।

नेपालको सुदूरपश्चिमाञ्चलमा पर्ने खप्तड लेक वरिपरिका झण्डै ३०० गाउँका मानिसहरू खप्तडमा आश्रित छन् र त्यसैका भरमा गुजारा चलाइरहेछन्। दाउरा घाँसपात, काठ, मल र डोकाडाला बनाउने निगाला र बाँस उनीहरू त्यही इलाकाबाट प्राप्त गर्दै आएका छन्। चाहिएको जति जग्गा-जमिन नहुनेहरूले बेलाबखत खेतीका लागि त्यसै क्षेत्रका वनजङ्गलका स-साना पाटा फाँडेका छन्। तर काठमाडौँमा बस्ने राजनीतिज्ञ र सरकारी अधिकारीहरू खप्तड लेकलाई विख्यात सन्त खप्तड बाबाको निवासस्थलका रूपमा मात्र चिन्दछन्। अतः उनीहरूका लागि त्यस इलाकालाई संरक्षित क्षेत्र घोषणा गर्नु गाह्रो भएन। उनीहरूका दृष्टिमा त्यो यसै पनि वन क्षेत्र नै थियो।

संरक्षित क्षेत्र घोषणासँगै एकाएक खप्तड लेकका साधन स्रोतहरूमाथि गाउँहरूको पहुँच स्वाट्टै सीमित हुनपुग्यो। अन्यत्र जस्तै त्यहाँ पनि उक्त क्षेत्रको रेखदेख गर्ने र संरक्षित क्षेत्रभित्र मानिसहरूलाई पस्न नदिने जिम्मा शाही नेपाली सेनालाई दिइयो। अहिले गाउँले-हरूलाई वर्षको खास समयमा मात्र त्यहाँका उत्पादनहरू बटुल्न दिइन्छ, तर घाँसदाउरा बटुल्नदेखि गाईबस्तु चराउनसम्म यावत् कुराका लागि उनीहरूले अनुमति लिनुपर्छ।

## संरक्षणको खिचलो

यस इलाकाका वनस्पति तथा जीव सम्पदा जोगाउने प्रयासमा सरकारले खप्तड लेकका साधन स्रोतहरूको उपभोग गर्ने स्थानीय जनताको परम्परागत अधिकार

*हिमाल,* २०५०, पृ. १०३-१०७ मा प्रकाशित।

खोस्यो । परिणामस्वरूप 'चोरी शिकार' र 'अतिक्रमण' सामान्य घटना बन्न गए । अनि सिपाहीहरूले पनि बेलाबखत कडा कारवाही गर्नुपर्ने भयो । सिपाहीहरूसँग भएका झगडाहरूको कटु सम्झना गाउँलेहरूलाई अझै छ । उनीहरू ती ठाउँ र पोखरीहरू देखाउँछन् जहाँ सिपाहीहरूले गाउँलेहरूका डोकाडाला र हँसिया खोसेका थिए, मध्य जाडामा उनीहरूलाई पानीमा चोपलेका थिए र तिनले बटुलेका दाउरा, स्याउला जलाएका थिए ।

श्री ५ को सरकारलाई पनि कुनै खास फाइदा भएको देखिन्न । अन्नपूर्ण संरक्षण क्षेत्र, सगरमाथा तथा चितवन राष्ट्रिय निकुञ्जहरू जस्तो खप्तड प्रमुख पर्यटन थलो होइन । सन् १९९१ मा अन्नपूर्ण क्षेत्रमा ३६ हजारभन्दा बढी पर्यटक आएका थिए भने खप्तड आउने पर्यटकहरूको सङ्ख्या मुस्किलले १० नाघेको थियो ।

खप्तड लेक राष्ट्रिय निकुञ्जको स्थापनाको इतिहासबाट नेपाल र यस्तै स्थिति भएका अन्य दक्षिणी मुलुकहरूका लागि आरक्षण नीतिबारे महत्वपूर्ण शिक्षा मिल्नुका साथै कैयौँ प्रश्नहरू पनि खडा भएका छन् । पहिलो प्रश्न हो- आरक्षण कसका लागि ? यसको जवाफ आएपछि यसको खर्च कसले बेहोर्ने भन्ने किटान गर्न पनि सजिलो हुन्छ ।

आजकाल वन क्षेत्रको संरक्षणको उपयुक्तताबारे प्रश्न उठाउने मानिस कमै होलान् । झन् नेपालजस्तो उचाइ र हावापानीको नाटकीय विभिन्नताले गर्दा विविध जैविक सम्पदाको विशाल भण्डार भएको देशमा यो कुरा बढी लागू हुन्छ । यस्ता प्रयासहरूका लागि स्थानीय र विश्वव्यापी दुवै महत्वका राम्रा कारणहरू छन् । राम्रा संरक्षण कार्यक्रमहरूले जलाधार बचाउन, सूक्ष्म-जलवायु कायम राख्न, भू-क्षय नियन्त्रण गर्न, जीवजन्तु तथा वनस्पतिहरू मासिन नदिन र स्थानीय बासिन्दाहरू निम्ति ती सब कुराहरू जोगाउन सक्छन् जसले सम्बन्धित इलाकालाई अद्वितीय वा विशिष्ट बनाएका हुन्छन् । तर यीभन्दा ठूला महत्वका कुराहरू पनि छन् । हामीले ढिलै भए पनि आनुवंशिक स्रोतहरूको संरक्षणको महत्वलाई बुझिसकेका छौँ । वनस्पति वैज्ञानिकहरूले हालसम्म धरतीमा पाइने वनस्पतिका जातिहरूको एउटा सानो अंशको मात्रै अध्ययन गरेका छन् तापनि यही सानो अंशबाट पत्ता लगाइएका वंशाणुहरूबाटै विश्वका सबैभन्दा महत्वपूर्ण वस्तुहरू र औषधी पसलका दराजमा सामान्यतया: पाइने ४० प्रतिशत औषधीहरू बनाउन सम्भव भएको हो । सबभन्दा महत्वको कुरा त के भने हामी आहारनिम्ति वनस्पतिमै भर पर्दछौँ । (...)

खप्तड जस्तो एउटा क्षेत्रको संरक्षण गर्दा के कस्ता फाइदा-बेफाइदाहरू छन् त्यसबारे किटान गर्न आजसम्म कुनै गम्भीर अध्ययन गरिएको छैन । स्थानीय जनतालाई फाइदा हुन्छ भनौँ, सर्सर्ती अध्ययनबाट पनि फाइदाका तुलनामा खर्च धेरै नै बढी भएको सङ्केत पाइन्छ । खप्तडको संरक्षणबाट वातावरणलाई लाभ भएको हुनसक्छ । जलाधारको राम्रो सुरक्षा भएको हुनसक्छ । तर स्थानीय जनतामाथि संरक्षण कार्यक्रमबाट पर्न गएका सामाजिक तथा आर्थिक दुष्प्रभावहरू बारे के भन्ने ? (...) ♦